भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा ।

३ नं. प्रदेश

## सेवा कररारमा लिने सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मिति २०७६/०४/१२

भीमेश्वर नगरपालिकाको प्राविधिक शाखा वा अन्तरर्गत विभिन्न वडामा रही कामकाज गर्ने गरी सव–ईन्जिनियर/असिटेन्ट सव–ईन्जिनियर देहायको संख्या र योग्यता भएको जनशक्ति सेवा करारमा लिनु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा यस कार्यालयबाट उपलब्ध हुने तोकिएको ढाँचाको दरखास्त फाराम भरी यस कार्यालयमा दर्ता गर्नु हुन वा कार्यालयको ई–मेल ठेगाना ict.bhimeshwor@gmail.com मा ई–मेल मार्फत दरखास्तसाथ आवश्यक प्रमाणपत्रको स्क्यान गरेको प्रति पठाउनु हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

१. **पदः** सव–ईन्जिनियर/असिटेन्ट सव–ईन्जिनियर

२ .**आवश्यक संख्याः** ६ जना

३ .**योग्यता र अनुभव**

(क) नेपाली नागरिक भएको ।

(ख) न्यूनतम योग्यता : सिभिल ईजिनियरिमा डिप्लोमा गरेको , मान्यता प्राप्त शैक्षिक सस्थाबाट सम्बन्धित विषयमा असिस्टेन्ट सव ईन्जिनियर वा सो सरह उतीर्ण गरेको / माथिल्लो शैक्षिक योग्यताभएका उम्मद्वारलाई प्राथमिकता दिईने छ ।

(ग) अनुभवः सम्बन्धीत कार्यमा कम्तीमा २ वर्षको कार्य अनुभव भएको ।

(घ) २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको लाई दिईने छ ।

(ङ) अन्य प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको ।

४. **परिक्षको किसिमः** प्रयोगात्मक र अन्तवाता

५. **दरखास्तमा संलग्न गर्नुपर्नेः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ ।

६ **परिक्षा दस्तुर** : रु ५००।

७ **छोटो सूची प्रकाशन** : दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र ।

द्रष्टब्यः छोटो सूचीमा छनौटमा परेका उम्मेदवारुका लागि प्रयोगात्मक र अन्तर्वार्ता मिति पछि तोकिने छ ।

माधव प्रसाद सुवेदी
प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा ३ नं. प्रदेश, नेपाल